हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**लहानपोस्ट् दैनिकको कार्यालय**
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

वर्ष : ०१ अंक : १७ पृष्ठ : ४ २०७७ साउन १७ गते शनिबार (Saturday 1 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

# ६५ वर्षीया कौशिलाको जीवन कहानी
## भनिन्छ, 'दैव पनि दु:खीकै घरमा अझ दु:ख दिन बास बस्छन् रे !'

**लहान पोस्ट् संवाददाता**



भनिन्छ, ओरालो लागेको मृगलाई बाछोले पनि लखेट्छ ।' यस्तै भएको छ–लहान नगरपालिका–२ की ६५ वर्षीया कौशीलादेवी गुप्ताको जीवनमा।

दुई दशकदेखि कौशिलाले सिरहाको लहानस्थित इलाका प्रहरी कार्यालयको अगाडि पश्चिम कोनामा सानो कठघरामा चिया बेचेर जसोतसो गुजारा धान्दै आएकी थिइन्। दैनिक २–३ सय रुपैयाँ चिया बेचेर कमाउँथिन । कोरोना भाइरस रोकथामका लागि सरकारले मुलुकमा चैत ११ देखि लकडाउन लगायो । देश नै लकडाउन भयो।

आनासुकी जोहो गर्दै आएकी कौशिलाको जीवनमा पनि ब्रेक लाग्यो। कारण चिया बेच्न पाइनन् । दैनिक २–३ सय रुपैयाँ कमाइले दाल चामल किनेर छाँक टार्थिन्। तर लकडाउन सुरु भएयता उनको कमाइ पनि ओरालो लाग्यो । कारण सर्वसाधारणको चहलपहलमा कमी आउँदा चिया बिक्री हुन सकेन । कौशिलाको चूल्हो बल्न छाड्यो।

भनिन्छ, दैव पनि दु:खीकै घरमा दु:ख दिन बास बस्छन् रे।' पति बेचन गुप्ता बिरामी परेको धेरै भएको थियो । आर्थिक अभावले राम्रो ठाउँमा उपचार गर्न सकेनन् नै बेचनले ओखतीमूलो राम्ररी पाएन। दैवको लीला। चैत ११ गते मुलुकमा लकडाउन लाग्यो, १२ गते पति बेचन यस संसारबाट सदाका लागि विदा भए । दागबत्ती आफैंले दिइन्।

सन्तानको नाममा दुई छोरी छन् । जेठी छोरी आशाको सप्तरीको पातोमा विवाह भएपनि छोरी ज्वाई दिल्लीमा मजदुरी गर्छन् । ६५ वर्षीया कौशिल्या भन्छिन्, जेठी छोरी आशाले बुबाको अन्तिम मुख पनि हेर्न पाएनन् न त बुबाले नै छोरीको मुख हेर्न सके।'

कान्छी छोरी रेखाको विवाह सिरहाकै बथनाहामा भएपनि लकडाउनका कारण उनीपनि बुबाको मृत्युमा आउन सकिनन्। दुबै छोरीको आर्थिक अवस्था कमजोर भएको कौशिलाले सुनाइन्। पति बेचनको मृत्युपछि लकडाउन अवधिभर तीन महिना कान्छी छोरीको घरमा नै बसे।

छोरीले आउन दिन मानेको थिइनन्, छोरीको घरमा बसेर कति खानु ? अप्ठ्यारो लागेर फेरि त्यही लहानको कठघरामा आईपुगे, कौशिलाले दु:खेसो पोखिन्, छाँक टार्न त समस्या छ, कोठा भाडामा बसेको धेरै भइसकेकाले तीर्ने आँट छैन।

त्यत्तिमात्र होइन कौशिलाले लकडाउनमा काजकिरिया समेत गरिन। तर, समाजलाई भोज भत्तेर खुवाउन सकेकी छैनन्। जातीय परम्परा अनुसार अनिवार्य भोज ख्वाउने पर्ने चलन छ। वृद्धा भत्ता पनि पाउँदिनन्। २० वर्ष अगाडि १० हजारमा पति बेचनले कठघरा किनेका थिए। त्यही कठघराले जीवन धानेको छ। एकपछि अर्को विपद झेलेकी कौशिलाको जीवनको एक्लो साहारा कठघरा बनेको छ।

### चौधरीले गरे राहत सहयोग

६५ वर्षीया कौशिलादेवी गुप्ता परिवारलाई महेश–संगीता जोडिले राहत उपलब्ध गराएको छ। मस जोडिको नामले प्रसिद्धी कमाएको महेश–संगीताको जोडिले कोरोना भाइरस रोकथामका लागि सरकारले लकडाउन जारी गरेसँगै विपन्न दलित परिवारलाई राहत उपलब्ध गराउँदै आएको छ। त्यसैको निरन्तरता स्वरुप पछिल्लो पटक ती जोडिले लहान नगरपालिका–२ कि ६५ वर्षीया कौशीलादेवी गुप्तालाई राहत उपलब्ध गराएको हो।

ती जोडिले २५ किलोग्राम चामल, १ किलो दाल, आलु, नुन र तेल वितरण गरे। त्यसैगरी युवा रन्जित रायले पनि एक हजार रुपैयाँ सहयोग गरेका छन्।



# इस्लाम धर्मावलम्बीहरु बकर इद मनाउँदै, राष्ट्रपतिबाट शुभकामना



**काठमाडौं ।** राष्ट्रपति विद्यादेवी भण्डारीले इस्लाम धर्मावलम्बीको दोस्रो ठूलो पर्व बकर इद (इदुल जोहा) का अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण इस्लाम धर्मावलम्बी नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरेकी छिन्।

राष्ट्रपति भण्डारीले शुभकामना सन्देशमार्फत बकर ईद सद्भाव र शुभेच्छा आदानप्रदानको महत्वपूर्ण चाड भएको उल्लेख गरेकी छिन्।

उनले मुस्लिम धर्मावलम्बीले यस पर्वका दिन सामूहिकरूपमा नमाज पढ्दै एक आपसमा शुभकामना साटासाट गर्ने हुँदा यस परम्पराले आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र भाइचाराको अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएकी छिन्।

नेपाल विविध जातजाति, भाषा र संस्कृतिको सङ्गम हो। विभिन्न समुदायद्वारा मनाइने यस्ता पर्वले आम नागरिकलाई सामाजिक सांस्कृतिकरूपमा एकताबद्ध बनाउँदै भावनात्मक ढङ्गले राष्ट्रिय एकता सुदृढ गर्नसमेत मद्दत पुर्याउने अपेक्षा लिएको छु, शुभकामना सन्देशमा उल्लेख छ।

कोभिड–१९ महामारीले सम्पूर्ण विश्वलाई आक्रान्त पारिरहेको यस कठिन परिस्थितिमा सावधानीका साथ चाड मनाउने आशा गर्दै राष्ट्रपति भण्डारीले बकर इद पर्वले स्थिरता र दिगो शान्तिसहित सामाजिक, आर्थिक विकासका कार्यमार्फत समृद्ध नेपाल, सुखी नेपालीको साझा सङ्कल्प पूरा गर्न मद्दत पुगोस् भनी सबैमा शुभकामना व्यक्त गरेकी छिन्।

# सिरहाका ६ स्थानीय तहले अझै ल्याउन सकेनन् बजेट

**लहान ।** आन्तरिक विवाद, जनप्रतिनिधिबीचको व्यक्तिगत टकराव र दलीय उल्झनले सिरहाका ६ स्थानीय तहले गत असार १० गतेसम्ममा ल्याउनुपर्ने चालु आर्थिक वर्षको बजेट अझै प्रस्तुत गर्न सकेका छन्। जसका कारण ती स्थानीय तहको विकास निर्माणका काम अन्यौलमा परेको छ।

संघीय सरकारले प्रत्येक स्थानीय तहलाई पत्राचार गरी असार १० भित्रै बजेट ल्याइसक्न निर्देशन दिए पनि सिरहाका १७ मध्ये ६ स्थानीय तहले निर्धारित समयभित्र बजेट ल्याउन असफल भएका हुन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अर्थमन्त्रालयको पत्रअनुसार असार १० गतेभित्रै स्थानीय तहले आ नो गाउँ तथा नगरसभामा बजेट पेश गरिसक्न निर्देशन दिएको थियो।

समयमै बजेट नआएमा संघीय सरकारबाट सम्बन्धित स्थानीय तहमा जाने अनुदान र राजस्व बाँडफाँटको प्रवर्द्धनमा समस्या पर्ने चेतावनीसहित अर्थमन्त्रालयले पत्राचार गरेपछि भने १७ स्थानीय तहमध्ये ११ स्थानीय तहले मात्रै गाउँ तथा नगरसभामा बजेट पेश गरेको छ।

सिरहामा आठ नगरपालिका र नौ गाउँपालिका छन्। तीमध्ये ५ गाउँपालिका र एक नगरपालिका गरी ६ स्थानीय तहले अझै गाउँ तथा नगरसभामा बजेट पेश गर्न नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख एननाथ गिरीले जानकारी दिए।

नरहा गाउँपालिका, औरही, नवराजपुर, लक्ष्मीपुर पतारी र बरियारपट्टी गाउँपालिका गरी पाँच गाउँपालिकाले गाउँसभा गर्न नसकेको प्रमुख गिरीले बताए। उनका अनुसार सिरहा नगरपालिकाले पनि नगरसभामा बजेट पेश गर्न सकेको छैन।



# सम्पादकीय

## क्वारेन्टाइन सरसफाइमा ध्यान दिऔं

**मानवको स्वास्थ्य नै धान हो । सरसफाइ मानव जीवनको पद्धती हो । सरसफाइले सामाजिक प्रतिष्ठा र जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । आधुनिक युगमा सरसफाइलाई मानव स्वास्थ्यसँगै विकासको सूचकको रुपमा मानिन्छ । त्यही भएर नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ ।**

**सरसफाइ मानिस स्वस्थ रहनका लागि व्यक्तिगत तथा वातावरणीय स्वच्छता कायम गर्ने कार्य हो । यसअन्तर्गत विशेषगरी मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थापनलाई लिने गरिन्छ । स्वच्छता फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई बुझाउँछ । अर्थात स्वच्छता भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई बुझाउँछ ।**

**विश्व अहिले कोरोना भाइरसको जोखिमबाट आक्रान्त छ । चिकित्सकहरुले यो भाइरसबाट जोगिन सरसफाइमा ध्यान दिन सुझाउँदै आएका छन् । हरेक मुलुकले सरसफाइलाई मुख्य प्राथमिकतामैं राखेको छ । सरसफाइमा राज्यले ठूलो धनराशि खर्चेको छ । पछिल्लो पटक कोभिड–१९ बाट जोगिन हरेक व्यक्ति व्यक्तिगत सरसफाइप्रति सजग बनेका छ । हिजोआज देख्नसकिन्छ केही हदसम्म भएपनि व्यक्तिमा हात धुने बानीको विकास भएको छ । सञ्चारमाध्यम लगायत हरेक स्थानीय तहदेखि संघसंस्थासम्म हात धुन, मास्कको प्रयोग गर्न जनचेतनामूलक प्रचार प्रसारमा जुटेका छन् ।**

**ती निकायले नाक सफा गरेपछि, खोकेपछि वा हाच्छयुँ गरेपछि अनिवार्यरुपमा हात धोऔं भन्ने प्रचार गरेका छन् । त्यसैगरी सार्वजनिक यातायात, बजार वा धार्मिक स्थलहरुजस्ता सार्वजनिक स्थानहरुमा गएर फर्केपछ, नगद/पैसा लगायत घर बाहिरका अन्य वस्तु छोएपछि, अस्वस्थ व्यक्तिको हेरचाह गर्नुभन्दा पहिला तथा गरिसकेपछि, खाना खानु भन्दा अगाडि तथा खाइसकेपछि हात धुन सुझाउँदै आएका छन् ।**

**यसका अलावा सामान्य समय शौचालयको प्रयोग गरिसकेपछि, खाना खानुभन्दा अगाडि तथा खाईसकेपछि, फोहोर मैला छोएपछि, घरपालुवा वा अन्य जनावरहरुलाई छोएपछि, बालबालिकाको डाईपर फेरेपछि वा उनीहरुलाई शौच कार्य गराइसकेपछि, हात फोहोर भएको अवस्थामा साबुन पानीले हात धुन सचेतना गर्दै आएका छन् । यसबाट पनि हरेक व्यक्तिमा हात धुने बानी विकास भएको भन्न सकिन्छ । यत्ति मात्र होइन पछिल्लो पटक सरसफाइका लागि स्यानिटाइजरको प्रयोग हुन थालेको छ ।**

**चिकित्सकका अनुसार मानिसले सरसफाइमा ध्यान दिने हो भने ३० देखि ६० प्रतिशतसम्म रोग लाग्नबाट बच्न सकिन्छ । न्यूनतम स्वास्थ्य मापदण्ड अपनाए रोग्न लाग्नबाट धेरै हदसम्म बच्न सकिने चिकित्सकको भनाइ छ । तर कोरोना भाइरस रोकथाम र न्यूनिकरणका लागि व्यवस्था गरिएका क्वारेन्टाइनमैं यी न्यूनतम सरसफाइमा ध्यान दिनसकेको पाइन्दैन । लहानस्थित पशुपति आदर्श मावि क्वारेन्टाइनमा बसेकाहरुले खाना बहिस्कार गर्नुले यो प्रमाणित गर्दछ ।**

**क्वारेन्टाइनमा बसेकाहरुले बुधबार क्वारेन्टाइन सरसफाइमा हेलचेक्र्याइ गरेको, नियमित स्वास्थ्य जाँच नगरेको भन्दै खाना नै बहिस्कार गरे । यो राम्रो काम होइन । क्वारेन्टाइनको नाममा लहान नगरपालिकाले लाखौं रकम खर्चेको नगर सभाको पुस्तिकाबाट समेत देखिन्छ । त्यति रकम खर्चिदा पनि न्यूनतम स्वास्थ्य मापदण्ड अपनाउनमा हेलचेक्र्याइ गरिनु दुःखद हो । तसर्थ मानवीय संवेदनामाथि खेलवाड नगरी सरसफाइ र नियमित स्वास्थ्य जाँच गरिनुपर्छ । राज्यको ढुकुटीको क्वारेन्टाइनको बहानामा दुरुपयोग गरिनुहुन्न । यस मानवीय संकटको घडीमा सबै निकाय, तह, तप्का सजग हुन जरुरी छ । बेलैमा ध्यान पुगोस ।**

# कर्मचारीतन्त्रे दलदल : गुनासो र ध्यानाकर्षण

**कृष्ण प्रसाद पौडेल र टीका भट्टराई**

नेपालको कर्मचारीतन्त्र अकर्मन्यताको पर्यायबाची बनेको छ भन्दा राम्रो सुनिँदैन । तर, यो तितो सत्य हो । आफ्नै दैनिकीमा भन्दा बाहिर ध्यान दिन नपाउने पेटको आगो निभाउन रातोदिन रगत पसिना गर्ने उत्पिपिडित वर्ग र समुदाय बाहेक यो कुराको अनुभव र आभास नभएको कोही छैन ।

मानवीय विवेकले त देखेकै भरमा उनीहरु यी समुदायले समेत यसको अनुभव गरेकै छन् । तर, यी सबैको यो कर्मचारीतन्त्रका अगाडि देखिने निरीहताको पराकाष्टा भने उदेकलाग्दो छ । यी कसैले अलि ठूलो स्वरमा राजा नांगै छ भन्ने आँट गर्न सक्दैनन् । कतिपयलाई त यस्तो भन्ने आँट गर्न खोजे मुख थुन्नसमेत आउँछन् लाल बुझकडहरु ।

कोही अलि सुकिलाले यो आँट गर्न खाज्यो भने उनीहरु कै दृष्टिदोष देख्छन् र हतार–हतार बाटो छेक्छन् । यस्तो बाटो छेक्ने नै पक्का क्रान्तीकारी छन् । तिनले नै यस्तो प्रश्न उठाउनेलाई समृद्धिका बाधक, विकास विरोधी, सरकारका विरोधी अझै त्यस्तै परे अराष्ट्रवादी र अराजक पनि भन्न बेर लाउँदैनन् । निरोका यस्ता पाहुना नै अहिलेको संकटका हुति सकिएका लाछी मूकदर्शक हुन् । रोम साम्राज्यको निरोको पाहुना जस्ता यी पात्रको निरिहताको अन्दाजले मात्र पनि भन्न सकिन्छ । त्यतिबेला निरोको हठको पारो त्यसै चढेको थिएन । अहिलेको नेपाली समाजका निरोहरुको कथा भनिरहन पर्दैन होला ।

नेपाली समाजमा बिग्रह र कुण्ठाको आगोमा घिउ थप्ने काम अहिले स्थायी सरकार भनिने राज्य संयन्त्रले गरिरहेको छ यसको अर्थ अरु वर्ग र समुदायका सबैले दूधले नुहाएका छन् भन्ने अर्थ लगाउनु भने पर्दैन । यो संयन्त्रले गर्नैपर्ने काम कमै गर्छ र धेरै काम नगर्न पर्ने मात्र गर्ने गरेको छ । तर, यो भन्दै गर्दा यही संरचनामा दलिएर, हेपिएर चेपिएर निम्छारे जिन्दगी चलाउन बाध्य साना भनेर चिनाइएका कर्मचारीलाई एउटै घानमा हाल्नुहुँदैन ।

यो कर्मचारीतन्त्र अहिले नेपाली समाजको धमिरोजस्तो भएको छ । यस्तो धमिराको प्रवृत्ति फेरेर मौरी बनाउन यसको पुनर्गठन गर्न ढिला हुँदैछ । तर, यसतर्फ कसैको उचित ध्यान पुगेको छैन । यो कामको नेतृत्व लिनुपर्ने सरकार र राजनीतिका अगुवा आफै पात्तिएर अहिले बालुवाटार, खुमलटार र भैंसेपाटीतिर बरालिएका छन् । यी भन्दा पनि निकम्मा त यसका सेवाग्रही र सरोकारवाला छँदैछौं । खबरदारीको चौकीदारी गर्ने स्वाङ पार्ने नागरिक समाज कोमामा छ । टाठाबाठाको टपरटुईयाँ समाज फेदबाट सुक्दै पलायन हुने र राजनीतिक नेतृत्व टुप्पोबाट कुहिँदै गन्हनउने क्रम जारी छ ।

यी सबैका कुरा फेरि पनि गरौंला । अहिले कुरा गरौं स्थायी भनिने सरकारी कर्मचारीतन्त्रकै । कर्मचारीतन्त्र पश्चिमी देशहरुमा औद्योगिक विकासलाई प्रभावकारी ढङ्गले प्रवर्द्धन गर्न निर्माण गरिएको त्यतिबेलाको अवस्थामा मानव श्रोत परिचालन गर्ने एउटा प्रभावकारी संयन्त्र थियो । यस अर्थमा यो औद्योगिक क्रान्तिसँगै विकसित भएको केन्द्रीकृत मानव स्रोत परिचालनको मानवीय इञ्जिनियरिङ हो ।

१८ औं शताब्दीमा प्राकृतिक तथा मानव श्रोतको दोहन गर्न विकास भएको यस्तो औपनिवेशिक संयन्त्र नेपालमा जंगबहादुर राणाले भित्र्याएका थिए । राज्य सत्ता सञ्चालन गर्न स्रोत जुटाउने र अरुका श्रोत हडप्न खटाउने कारिन्दाको सञ्जालका रुपमा यो विकसित हुँदै आएको इतिहास छ ।

यो राजाकालमा झनै भुत्ते हुँदै गयो । सबै परमादेशको जिम्मा राजालाई दिएर सबै निर्णय उतैबाट गराउने परम्परा बसालियो । यस्तो निर्णय गर्दा व्यक्तिगत फाइदा छैनभने जोखिम लिनुको सट्टा आफूभन्दा माथि लैजाने परम्परा बसालियो । यसका लागि बैठक एउटा अचूक हतियार बनाइयो । यस्ता कोठे बैठकले फुर्सद नभएको बहाना बनाउँदै समयमा काम नगर्ने प्रवृति बसालियो । यसले व्यक्तिगत लाभ हानी मात्र विचार गर्ने निरिह संयन्त्र बन्ने आधार बन्दै गयो ।

एक–दुई अपवादका घटना बाहेक कर्मचारीको काम त स्वार्थ सिद्ध गर्न आवश्यक साधन मात्र बनाइयो । अहिले कर्मचारीको पहिलो अभीष्ट त आ नो स्वार्थसिद्धि नै हो अन्यथा सिन्को पनि भाँच्दैनन् ।यस्ता स्वयं लेखकहरुले नै भोगेका पर्याप्त तीता अनुभव छन् ।

विसं.२००७ सालपछि यसलाई भारतीय प्रशासनको ढाँचामा त ढालियो । तर, यस्तो फेरबदल गर्दा राणाकालमा पारिवारिक शासन गर्न मलजल गरिएको आ नो मान्छे, भनसुन र चाकरीलाई संस्थागत सन्दर्भको कुनै लेखाजोखा भएन । यस्तो जग नै फेर्नुपर्ने कुराको भेउ त्यसपछिका असल भनिएका शासकले पाउँदै पाएनन् भने खराब सासकले त चारखुट्टेको घरजममा जर्ज आरवेलले भनेजस्तै चलाख कुकुरले गर्ने परमादेशको अपव्याख्या गरी नै रहे । यसको सबैभन्दा बलियो प्रमाण भनेको यो ७ दशकमा कर्मचारीतन्त्रको पुनर्गठनको चर्चा र जिम्मा तिनै कर्मचारीलाई दिनु नै हो ।

विसं २०४६ सालको आन्दोलनले निरंकुशतन्त्रको अन्त्य गऱ्यो र लोकतन्त्रको बहाली गऱ्यो । सत्ताको बागडोर दरबारिया आसेपासे र गाउँका मुखियाबाट आन्दोलनरत राजनैतिक पार्टीहरुका हातमा आयो । तर, सत्ता सञ्चालनको अनुभव नभएका यी नेताहरु सत्ता सञ्चालनमा दीक्षित हुन विनम्रतापूर्वक अरुका अनुभवबाट सिक्नुपर्ने मा उल्टै अंहकारले सुझबुझ गुमाएका पार्टी नेताहरु आन्दोलनकै धङधङीमा रमाउँदै आफूले कार्यकारी नेतृत्व लिनुको साटो यो हुनुपर्ने र यसो गर्नुपर्ने भन्दै सिंहदरबारको कुर्सीमा बसेर फूलमाला थाप्दै आन्दोलनकै मञ्चबाट जिन्दावाद र मूर्दावादका भाषण गरिरहे । यो क्रम अहिले पनि निरन्तर छ । सरकार प्रमुखदेखि सबै तहमा एकस्वरमा यस्तै भाषण चलिरहेको छ ।

कर्मचारीतन्त्र आफ्नै पलायनको खाल्टोमा खसेको छ । यसले माथिकालाई रिझाउने र आफनो दुनो सोझ्याउन चाकरी, भनसुन र खुसाामद गर्न मात्र सीमित बनाएको छ । सबै सरकारी योजनामा, नियुक्ति, काम र कुरामा यो भन्दा अरु कुनै कुरा देख्न, सुन्न र महसुस गर्न पाइँदैन । एक अर्थमा नेपालको अहिलेको यस्तो शासकीय स्थितिलाई १८ औं शताब्दीको अवस्थासँग दाँज्न सकिन्छ ।

प्रशंग हो, रसियन शासक जारिना क्याथरिना द्वितीयको पालाको । उनका एकजना भरपर्दा सैनिक ग्रेगोरी पोतेम्किन भन्ने थिए । यी सासकलाई प्रभावित गर्न अगाडिबाट शहरजस्तो देखिने तर भित्र केही नभएका संरचनाहरु बनाए । अहिले सरकारी वरिष्ठ प्रशासक ग्रेगोरी पोतेम्किन जस्तै छन् र यिनले जनसेवा र समृद्धिलाई पोतेम्किन शहर बनाएका छन् । यही देखाउँदै हावाको लुगा लगाएका शासक भने चर्का भाषण गर्दै सहर घुम्दैछन् ।

यस्ता सासकको यस्तो चालाको सबैभन्दा नजिकबाट देख्ने यिनै कर्मचारी हुन् । यो चाल पाएका कर्मचारी आ नै हातमा सबै शक्ति आएको दम्भ पालेर सत्ताका भण्डारे हुँदै गएका छन् । यस्ता मन्त्रीले भनेर कहाँ हुन्छ, यी त घामछाँया हुन्, अहिले छ, एकछिनमा जान्छ भन्दै नेतृत्वलाई नटेरेका हजारौं उदाहरण छन् ।


संविधान र कानुनी व्याख्याबाटै राज्य सञ्चालनको मूल जिम्मेवारी लिएको कर्मचारीतन्त्रको पुनर्संरचनाको पहल गर्नुको साटो यी नेता भने ङिच्च दाँत देखाएर आ नो निरीहता लुकाउने गरेका छन् । यो क्रम अहिलेसम्म पनि जारी छ ।

कालखण्डको तुलना त इतिहास लेख्नेले गर्लान् नै । तर, गएको तीन दशकमा जे देखियो र भोगियो, यसबाट अहिले स्थायी सरकार भनेर चिनिने राज्य संयन्त्रको उपरीतह राणकालदेखि नै लुटपाटमा दीक्षित नै थियो भन्ने प्रष्ट नै छ । जब, यसले त्याग र बलिदानको सघर्षमयी इतिहासको उपहास गर्दै आफ्ना मूल्य मान्यतालाई बन्धकी राख्दै देशको ढुकुटीमा आँखा लगाएको अहिलेको नालायक नेतृत्वको लालचको गन्ध चाल पायो, यो राज्य दोहनमा बारबार जुर्मुरायो । यसले अनाडी नेतागणको नौनाडी मात्र छामेन, भण्डारे बनेर राज्यको ढुकुटी दोहनमा लिप्त भयो । अहिलेसम्म यो क्रम जारी छ ।

केही लेनदेन नमिलेर वा व्यक्तिगत कुण्ठाले बदला लिने

**बाँकी ४ पेजमा**

## सूचना



बर्सेनि साउन महिनाभर काभ्रे कपलेश्वर बोलबम यात्रामा आउनु हुने भक्तजनहरूलाई यसवर्ष विश्वभर फैलिएको कोरोना महामारी र लकडाउनका कारण मन्दिरमा पुजाआजा र दर्शन कार्य बन्द गरिएकोले भक्तजनहरूलाई नआउनहुन आग्रह गर्दछौं । यसवर्ष मन्दिरमा पुजाआजा र दर्शनमा रोक लगाइएको छ ।

**काभ्रे कपलेश्वर मन्दिर व्यवस्थापन समिति**
**लहान नगरपालिका-१६,सिरहा**

# वीरगञ्जमा कोरोना : ९ दिनमा ९ जनाको मृत्यु

**वीरगञ्ज।** नेपालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरस ( कोभिड–१९) को संक्रमणका कारण चार जनाको मृत्यु भयो। चारमध्ये तीन जनाको मृत्यु वीरगञ्जमै भयो भने पाटन अस्पताल, ललितपुरमा मृत्यु भएका संक्रमित पनि वीरगञ्जसँगै जोडिएका छन्।

वीरगञ्ज–१६ नगवाका ३५ बर्षीय पुरुषको अस्थायी कोरोना विशेष अस्पताल गण्डकमन उपचारका क्रममा बिहीबार मृत्यु भयो । ज्वरो आउनुका साथै श्वासप्रश्वासमा समस्या आएपनि मंगलबार अस्पताल पुगेका स्वाब संकलन गरेर उनको आकस्मिक कक्षमै उपचार भइरहेको थियो। बेलुकी ७ : ४० बजे उनको मृत्यु भयो। मृत्यु भइसकेपछि आएको रिपोर्टमा कोरोना संक्रमण पाइयो।

जगदम्बा इन्टरप्राइजेजका प्रमुख कार्यकारी अधिकृतको बिहीबार राति ११ बजेतिर मृत्यु भयो । मुटुको वाइपास सर्जरी गरिसकेका ५६ बर्षीय उनलाई कोरोना संक्रमण भएको साउन ६ गते नै पुष्टि भएको थियो । साउन ७ गते दिउँसो गण्डक अस्पतालमा भर्ना भएका उनको आईसीयूमा उपचार चल्दै थियो । उपचारमा संलग्न चिकित्सकहरुका अनुसार बिहीबार दिउँसोदेखि शरीरमा अक्सिजनको मात्रा कम हुँदै गयो । अवस्था गम्भीर भएपछि भेन्टिलेटरमा राखेर उपचार गर्दा पनि उनलाई बचाउन सकिएन।

वीरगञ्ज–२ छपकैयाका ६५ बर्षीय पुरुषको घरमै मृत्यु भएको थियो । उनी सुगरका विरामी भएको थाहा पाएपछि नारायणी अस्पतालको टोलीले स्वाब संकलन गरेर परीक्षण गर्दा कोरोना संक्रमण पाइयो।

पर्साको वीरगञ्जमा पहिलो पटक २९ चैत २०७६ मा तीन जना भारतीय जमातीमा कोरोन भाइरसको संक्रमण पुष्टि भएको थियो । त्यसयता उकालो लागेको कोरोना संक्रमितको ग्राफ असार मध्यतिर आइपुग्दा निकै घटेको थियो । दैनिक पहिचान हुने संक्रमितको संख्या घटेर दुई अंकभन्दा पनि कममा आइपुगेको थियो।

तर अहिले अवस्था फेरिएको छ । वीरगञ्जमा समुदाय स्तरमा कोरोना संक्रमण फैलिएको छ । संक्रमितको संख्या मात्र बढेको छैन, पछिल्लो ९ दिनमा मात्र जिल्लाका ९ जना संक्रमितको मृत्यु भएको छ ।

स्वास्थ्य कार्यालय, पर्साका तथ्यांकअनुसार जिल्लामा हालसम्म ३९८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमित हुनेमा ३९ स्वास्थ्यकर्मी, १५ कैदी, ८ सुरक्षाकर्मी, ८ अस्पताल सफाइकर्मी, २ एम्बुलेन्स चालक र दुई जना पत्रकारसमेत रहेका छन्।

**मृत्यु अधिकांश दीर्घरोगी**

साउन महिनामा कोभिड–१९ को संक्रमणबाट वीरगञ्जमा मृत्यु भएकामध्ये धेरै दीर्घरोगी छन् । ४ जनामा मुटुसम्बन्धी समस्या थियो । उनीहरुमध्ये दुई जनामा मधुमेह पनि थियो। यस्तै दुई जना मृगौलासम्बन्धी समस्याले पीडित थिए भने एक जना मधुमेहको उपचार गराउँदै आएका व्यक्ति हुन्।

धेरै संक्रमितमा अक्सिजन कमी हुने र श्वासप्रश्वासमा समस्या आउने गरेको अस्थायी कोभिड अस्पताल गण्डकका कोअर्डिनेटर डा. उदयनारायण सिंह बताउँछन्। 'पछिल्ला दिनमा लक्षण भएका संक्रमित धेरै देखिएका छन' उनले भने, संक्रमित मध्ये दीर्घरोगीहरुलाई बढी गलाएको छ । शरीरमा अक्सिजनको मात्रा कम हुँदै गएपछि उनीहरुले श्वास लिन सक्दैनन् र मृत्यु हुने गरेको छ।'

तर दीर्घरोग नभएका एक जना पुरुष र महिलाको पनि कोरोना संक्रमणबाट मृत्यु भएको छ। संक्रमितको उपचारमा संलग्न डा. निरज सिंहकाअनुसार युवा उमेरकाहरुमा संक्रमणको असर तत्काल देखिँदैन । त्यसैले उनीहरुले उपचारका लागि पनि ढिलो आउँछन् । त्यही कारण जोगाउन गाह्रो भएको उनी बताउँछन्।

'बिहीबार मृत्यु भएका ३५ बर्षीय युवकलाई साउन ५ गते ज्वरो आएको रहेछ, तर १३ गते मात्रै स्वाब संकलन भयो। रिपोर्ट नआउँदै उनको स्वास्थ्य अवस्था बिग्रिन थालिसकेको थियो' डा सिंहले भने, कोरोना परीक्षणको रिपोर्ट नआई आइसोलेसनमा राख्न सकिएन। इमर्जेन्सीमा राख्नु र आईसीयूमा उपचार गर्नुमा धेरे फरक हुन्छ।'


यसले कोभिड अस्पतालको इमर्जेन्सीमै आईसीयू र भेन्टिलेटर सुविधा पनि राख्नुपर्ने आवश्यकता औल्याएको डा. सिंह बताउँछन्।

लगातारको मृत्युले के संकेत गर्छ ?

वीरगञ्जमा समुदाय स्तरमा संक्रमण फैलिएको सरकारले स्वीकार गरेको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीहरु नेपालमा समुदायमा संक्रमण फैलिएको प्रमाणित भइसकेको छैनॢ भन्ने रटान लगाइरहेको छ। तर जनस्वाथ्य विज्ञहरुले भने वीरगञ्जमा समुदायमा संक्रमण फैलिसकेको बताउँछन्।

संक्रामक रोग विशेषज्ञ डा. अनुप सुवेदी भन्छन्, वीरगञ्जमा समुदाय स्तरमा कोरोना संक्रमण फैलिएको छ। त्यसले गर्दा घरमा बसेका दीर्घरोगी, वृद्ध उमेरका मानिसमा पनि संक्रमण पुष्टि भएको छ।





वीरगञ्जमा समुदायमा धेरै प्रतिशत मानिस संक्रमित भइसकेको हुनसक्ने संकेत आएको भन्दै उनले यस्तो अवस्थामा जोगाउँछु भन्दा पनि जोगाउन नसक्ने अवस्था आउनसक्नेतर्फ सतर्क रहनुपर्ने बताए।

जनस्वास्थ्य विज्ञ समीरमणि दीक्षित वीरगञ्जमा कोरोना समुदाय स्तरमा फैलिएको र जोखिम समूहसम्म पुगेको पछिल्लो स्थितिले देखाउने बताउँछन्। हामीले परीक्षण दायरा बढाएर ट्रेसिङ गर्नुपर्छ, जोखिम समूहमा पुग्न दिन हुँदैन। पुगेपछि रोक्न गाह्रो हुँदै भन्दै आएका हौं, उनले भने, अहिले वीरगञ्जमा भएको त्यही हो । लुकीछिपी समाजमा गए, उनीहरुलाई केही भएन। तर जोखिम समूहलाई सारे । ९ दिनमा ९ जनाको मृत्यु हुनु राम्रो संकेत हैन।

अब जोखिममा रहेको समूहलाई बचाउनतर्फ लाग्नुपर्ने उनले बताए । त्यसका लागि माक्स लगाउने, सामाजिक दुरी कायम गर्ने, साबुन पानीले हात धुने जस्ता स्वास्थ्य सुरक्षाका उपाय अपनाउनुपर्छ।

युवा उमेरका मानिसको मृत्युबारे भने अध्ययन नगरी भन्न नसकिने उनले बताए। अधिकांश मृतक जोखिम समूहकै छन्। तर अरु रोग नभएका युवा अवस्थाका मानिसको पनि मृत्यु भएको छ, दीक्षित भन्छन्, केसको अध्ययन नगरी यसबारे भन्न सकिन्न।

उनीहरुकाअनुसार वीरगञ्जको अवस्था केही समय पहिले भारतको दिल्लीको जस्तै छ । जनस्वास्थ्यविज्ञ डा. किरणराज पाण्डे भन्छन्, जनसंख्याका हिसाबले दिल्लीको एउटा सानो हिस्सा बराबर होला, तर कोरोना संक्रमणको हिसाबले धेरै कुरा मिल्दो जुल्दो देखिन्छ।

भारतको नयाँदिल्लीमा समुदाय स्तरमा कोरोना संक्रमण फैलिएको छ। १ लाख ३४ हजार बढी संक्रमित भएका छन् भने झण्डै ४ हजारको मृत्यु भएको छ । यद्यपि पछिल्लो समय दिल्ली सरकारको निरन्तरको प्रयासपछि मृत्युदर भने निकै कम भएको छ । वीरगञ्जको हकमा भने सरकारले समुदायमा संक्रमण छ भन्ने स्वीकार नै नगरेका कारण त्यसअनुसार काम हुन सकेको छैन।

कतिपयले यसअघिभन्दा कडा खालको कोरोना भाइरस फैलिएको हुनसक्ने आशंका छ। तर यसबारे अनुसन्धानात्मक अध्ययन तथा परीक्षण हुन सकेको छैन।

लक्षणसहित कडा संक्रमण देखिएको छ । रोगसँग लड्ने क्षमता कमजोर भएका दिर्घ रोगी, वृद्धबुद्धाका साथै युवाको पनि मृत्यु भएको छ, नारायणी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायले अनलाइनखबरसँग भनेका छन्, कडा खालको भाइरस आएको हो वा अरु केही छ भन्ने थाहा पाउन अध्ययन गर्न आवश्यक छ।

# कोरोना संक्रमित महिला बनिन् आमा

**वीरगञ्ज।** जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक (एसपी) गंगा पन्त बिहीबार राति एम्बुलेन्स खोज्दै थिइन्। रातिको समयमा उनले एम्बुलेन्सको व्यवस्था गर्न सकिनन्।

त्यसपछि प्रहरीकै गाडीमा राखेर सुत्केरी व्यथाले छटपटाईरहेकी एक महिलालाई गण्डक कोरोना अस्पताल पुऱ्याइन्। एसपी पन्तले वीरगञ्ज महानगरपालिका वडा नम्बर–१ निवासी ३१ वर्षीया महिलाकै लागि एम्बुलेन्स खोजीरहेकी थिइन्।

स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले ती महिलालाई नोवेल कोरोना भाइरस (कोभिड–१९) पुष्टि भएको जानकारी दिएका थिए। महिलाले यो जानकारी पाउँदासम्म उनलाई सुत्केरी व्यथा लागेर नेसनल मेडिकल कलेजमा लगिसकिएको थियो।

यो विषयमा एसपी पन्तले गण्डक कोरोना अस्पतालका डा. उदयनारायण सिंहसँग कुरा गरेकी थिइन्। डा. सिंहले डेलिभरीका लागि अस्पताल ल्याउनुस् भनेपछि नै उनी एम्बुलेन्स खोज्न लागेकी थिइन्। कोरोना संक्रमण बढ्दै गएपछि वीरगञ्जमा एम्बुलेन्स नपाउने समस्या झनै बढेको छ।

नारायणी अस्पतालमा नियमित प्रसुती जाँच गराउँदै आएकी उनलाई ज्वरो आइरहेको थियो। अस्पतालले ज्वरोको औषधि दिएर पठाएको थियो।

ज्वरो कम नभएपछि साउन १४ गते उनी वीरगञ्जकै एक निजी अस्पतालमा गइन्। ज्वरो छ भनेपछि अस्पतालले पीसीआर जाँच गराएर मात्रै उपचारका लागि आउन भन्यो। त्यसको भोलिपल्ट १५ गते शुल्क तिरेर पीसीआर परीक्षण गराएकी उनको साउन १६ गते पोजेटिभ रिर्पोट आयो।

कोरोना परिक्षण रिर्पोट पोजेटीभ आउँदासम्म उनलाई सुत्केरी व्यथा लागेर नेसनल मेडिकल कलेज लगिसकिएको रहेछ। अस्पताल लैजानु अघिसम्म परिवारका सदस्यहरूलाई महिलालाई संक्रमण पुष्टि भएको जानकारी थिएन।

राति गर्भवती महिलालाई कोरोना अस्पताल पुऱ्याउन निकै कठिनाइको सामना गर्नुपरेको जनस्वास्थ्य निरीक्षक ठाकुर बताउँछन्। कोरोना संक्रमण पुष्टि भयो भनेर जानकारी दिन फोन गरेको सुत्केरी व्यथा लागेर निजी अस्पतालमा भर्ना गरिएको रहेछ, उनले भने, उदय डाक्टरले ल्याउनुस् डेलिभरी गराउँछु त भन्नुभयो तर एम्बुलेन्स खोज्दा नपाएपछि प्रहरीले नै गाडीको व्यवस्था गरेर कोरोना अस्पताल ल्याए, डेलिभरी पनि राम्रोसँग भएछ, खुशी लाग्यो।'

कोरोना अस्पतालमा प्रसुति रोग विशेषज्ञको ड्युटी छैन । डा. सिंह स्वयं जनरल फिजिसियन हुन् । अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीमा धमाधम संक्रमण देखिएपछि नारायणी अस्पतालमा आपत्तकालिन बाहेकका सेवा बन्द अवस्थामा छ।

बिहान ४ बजेर १० मिनेटमा उनको नर्मल डेलिभरी गराइएको कोभिड अस्पतालका कोर्डिनेटर डाक्टर उदयनारायण सिंहले जानकारी दिए। उनको नर्मल डेलिभरीॢ भयो।

३ किलोको छोरी जन्मिएको गण्डक कोरोना अस्पतालले जनाएको छ। नवजात शिशुको स्वाब संकलन गरी पीसीआर परीक्षणका लागि बिहानै नारायणी अस्पतालको पीसीआर प्रयोगशालामा पठाइएको छ।

कोरोना अस्पतालमा डेलिभरी टिम छैन । संक्रमित गर्भवती महिलालाई सुत्केरी व्यथा लागिसकेको रहेछ । अर्को अस्पतालमा सुत्केरी गराउँदा स्वास्थ्यकर्मीमा संक्रमणको जोखिम बढी हुने भयो, उनले भने, सहयोगीको टिम लिएर आफैं पसें, नर्सिङ स्टाफले राम्रो सहयोग गरे।

आमा र शिशु दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालका ड्युटी डाक्टर निरज सिंहले जानकारी दिए।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

## धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

## कर्मचारी...

कुरा बाहेक यसको सुनुवाई हुने कतै छाँट छैन। राजनैतिक व्यवस्था कागजमा भलै सामन्ती ( राणाकालीन) बाट कल्याणकारी (पञ्चायतकालीन) हुँदै जनता सशक्त गर्ने (राजतन्त्रोत्तर कालीन) शब्दावलीसम्म आयो। कर्मचारी तन्त्र अझै शासनकै र अझ शक्तिका आडमा स्वार्थका लागि सताउने काम सहज मान्ने मनस्थितिमा छ। उनबाट काम लिनुपर्‍यो भने नजराना र निरीहता दुबै पोख्नुपर्छ।

अहिले नेता र तिनको चाकडीमा स्वार्थसिद्ध गर्ने कर्मचारीतन्त्रको अकर्मण्यता झनै बढेको छ। वार्षिक योजना र कार्यक्रममा कुशासन छताछुल्ल भएको छ। लकडाउन भनेर छुट्टी दिने र काम गर्न जानेले ओभरटाइम लिने अत्याचार लाचारी हुँदै गर्दा सुत्केरीले घर पुग्न नसकेर हालेको सुस्केरा समेत सुनेन, उल्टै महामारीको त्रास बाँड्यो। तिनका दुखमा गोहीका आँसु पनि चुहेनन्।

यसरी हेर्दा, नेपालमा आन्दोलनकारी राजनीतिलाई दोष लगाएर अतुलनीय फाइदा लिने कर्मचारीतन्त्र नै हो। यो कुरा बुझ्न नसकेको राजनीतिक नेतृत्व तिनै कर्मचारीका अगाडि निरीह भएका छन्। यिनै निकम्मा नाइकेले आफ्नै सिफारिसमा आफैं राष्ट्रसेवकको फुली थप्दै गयो। यो पगरीले सजिएका राज्य यन्त्रका नाइकेका सामु निरीह नेताहरु र आ नो निहित स्वार्थ पूरा गर्न यिनैका सामु लम्पसार पर्ने गरेका हुन्।

खिलराजलाई प्रधानमन्त्री बनाउने खेल र अख्तियार र राजस्व विभागमा नाइकेको चर्तिकला त सतहमा आएका केही उदाहरण मात्र हुन्, खोतल्ने हो भने यस्ता सयौं उदाहरण छन्।

यथार्थमा भन्ने हो भने जति ठूला आन्दोलन भए पनि कर्मचारीतन्त्रमा सुधार गरिएन। अहिलेसम्म पनि यसो गर्ने छाँटकाँट कतै देखिँदैन। अहिले प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलका रहेको संघीय निजामति सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी विधायकसमेत कर्मचारीतन्त्रको पुर्नसंरचनाको चर्चासमेत छैन, उल्टै काम कर्तव्यको शर्त भन्दा अधिकार थप्नेमै नेताहरुको जोडबल भएको कुरा त यिनका छलफलका विषय र गुट उपगुटमा विभाजित मतबाट पनि आकलन गर्न सकिन्छ। नासु तहका कर्मचारीको सिंहदरबारभित्र नै भएको आन्दोलनले पनि उनीहरुको शक्ति र क्षमता प्रदर्शित भएकै छ। यीभन्दा ठूला हाकिमको कुरा त अलि ठूलै होला नै।

अहिलेसम्म पनि शक्तिमा आशक्त र दम्भी शासकहरुले के थाहा पाएनन् भने जनविद्रोह कुनै वाद वा तन्त्र प्रभावकारी नभएर मात्र होइन, जनसेवा प्रभावकारी नभएर जन अपमान बढेका कारणले हुने गर्छ। यो कुरा त अहिलेको सरकारको समृद्धि यात्राको कछुवा ताल हेरेरै पनि अञ्दाज हुन्छ। यस्तो ढिलासुस्तीका कारण त कर्मचारीतन्त्रका अकर्मन्यतामा सजिलै भेटिन्छ।

पार्टीहरुको गुटगत नेतृत्व र स्थायी सरकार भनिने राज्यसंयन्त्रको अपवित्र र अदक्ष गठबन्धन नै अहिलेको संसदीय सत्ता समीकरण हो। सत्ताधारी दल, प्रतिपक्ष भन्ने त प्राविधिक शब्दावली मात्र भएका छन्। यस्तो लगनगाँठो अहिले झन् कसिलो भएको छ। यिनको सामाजिक आर्थिक र वर्गीय अन्तरसम्बन्ध झनै दुराग्रही छ।

डोरबहादुर विष्टले औंल्याएजस्तै, एकातिर भाग्यवादको मलजल गर्ने र अर्कोतिर भिख मागेरै भए पनि आर्थिक विश्वव्यापीकरण उन्मुख आधुनिक विकासको आत्मरतिमा रमाउने र जनतालाई त्यसको सपाना बाँड्नेहरुको अपवित्र गठवन्धन नै अहिलेको समृद्धि सत्ता हो। द्रव्यको वैभवमा आधारित उच्च मध्यमवर्गीय विषेषतालाई आदर्श ठान्ने यो वर्ग विभिन्न राजनीतिक समूह, सरकारी तथा गैरसरकारी क्षेत्रको नेतृत्व गर्दै लुटको खेतीमा व्यस्त छ। यो पिँध नभएको लोटा जस्तै छ। यसको कुनै वैचारिक र नैतिक धरातल छैन।

पदमा रहँदा मात्र हैन, निवृत भएपछि पनि तिनैको हालीमुहाली छ। कर्मचारी नै अहिले पनि प्रायःजसो विभिन्न आयोगहरु, राजनीतिक नियुक्ति र सरकारी परियोजनामा समेत निवृत कर्मचारीको नै वर्चश्व कायम छ। मानौं यो देशमा सरकारी कर्मचारी बाहेक जान्ने सुन्ने अरु कोही छैनन्। यसबाट पनि थाहा हुन्छ यो कसरी राजनैतिक नेतृत्वसँग सौदाबाजी गर्दै शक्तिकेन्ऽमा स्थापित भैरहन्छ। त्यसो त सरुवा, बढुवा र सुविधाका लागि ज्यानै फालेर चाकडीमा लागेका पहुँचवालाहरुको कुरा र माथिका ठूलाबडाबाट सधैं शासित निरीह साना कर्मचारीहरुको बेदना भने अलि बेग्लै छ। अहिले पनि हजारौं साना कर्मचारी हाकिमका बारी, गोठ र भान्सामा नै पेन्सन पकाउँछन्।

कर्मचारी तन्त्र खस्कनुमा केही समकालीन वस्तुगत कारणहरु पनि छन्। धेरैजसो खासगरी उच्च तहका कर्मचारी एवम् नेताहरुका सन्तान देशमा छैनन्। यस्तो अवस्थामा मानिसमा स्वाभाविक प्रेम त्यत्तिकै सघन हुँदैन, काम बिग्रँदा चित्त दुख्दैन यद्यपि यसो भन्दा इमान्दारिमा शङ्का गरेको आरोप लाग्न सक्छ। तर यो यो एक हदमा यथार्थ हो। कतिको कहिले पेन्सन पकाएर उतातिर लागौं भन्ने हुन्छ। कति यता त्यत्रो महत्व पाएको उता भाउ नपाएर मात्र देशमा बसेका छन्। आखिर नाति नातिना त उतै स्याहार्न न पाइन्छ। अनि दलहरुले प्रतिक्रान्तिको हाउगुजीको सैद्धान्तिक आधारमा क्रान्तिकारीको अधिनायकत्व आवश्यक भएका नाउमा कर्मचारीको दलीयकरणको महारोग भित्राएको जगजाहेरै छ। दलमा पनि यसको व्यावहारिक सैद्धान्तिकीकरण भयो। आफ्नो दलको लाटलुट र लसपस नभएको व्यक्तिलाई जिम्मेवारी दिइएन। यस्तो नभएको वरिष्ठ भन्दा कनिष्ठ कर्मचारीको हालिमुहाली चल्यो। शासकीय अस्थिरताको फाइदा लिँदै कर्मचारीतन्त्र यसको प्रतिरोध गर्ने भन्दा पालो कुर्ने भयो।

अर्को कुरा, कर्मचारीहरु बाहिर नगए पनि पहुँच र पैसा हुनेको दुनियाँ फरक छ। हरेक सेवा सुविधा निजी तहमा पाइन्छः स्कुलका सट्टा बोडिङ छन्, अस्पतालका सट्टा ५ तारे अस्पताल छन्, धाराको ठाउमा पानी तान्ने र फिल्टर गर्ने निजी प्लान्ट छन्, जारमा किन्न पाइने नै भयो, पैसा हुनेले हिमाली स्वच्छ पानी को बखान गर्दै यो पनि विदेशबाटै ल्याउने गरेका छन्। घरमा बत्ती गए नगएको थाहै हुँदैन, सोलार र इन्भर्टर छँदैछ। सडक धूलो भए आफनो वा अफिसको गाडीमा एसी छ। कतिका लागि त यी पदको पावरले निशुल्क दिन्छ। गरेको कामको आफूलाई खासै फाइदा छैन। अनि त तिनका छोराछोरी पनि लोकसेवा लडिरहेका छैनन्। उतै छन्। यता त अपवादलाई छाडेर बाँकि त ठेट्ना मात्र नै हुन् जो केही गरौं भन्ने भन्दा छिटो आरुनो बन्दोबस्त गर्ने अवसरकै खोजीमा छन्। एक किसिमले यो मीडियोकर मास हो। आफनो व्यक्तिगत स्वार्थका वरिपरिमात्र रमाउने प्रवृत्ति बोकेको यो संयन्त्र स्थानीय तह वा समुदाय स्तरका कर्मचारीलाई सेवा सुविधा र अधिकार कुरा त परै जाओस् आर्थिक अपचलनका चलखेललाई लाचारी देखाएर आफनो हैसियत देखाउँछ। कतिसम्म भने आफनो तलबले राम्ररी घरबार नचलेको थाहै नपाएको जस्तो गरेर अबैध कमाईलाई बाध्यताको संज्ञा दिएर उम्किने दाउ गरिरहन्छ। यस अर्थमा राजनीतिलाई दोष लगाएर आफनो स्वार्थ पूरा गर्न सक्ने कुनै छ भने त्यो कर्मचारीतन्त्र नै हो।

चाकरीको जगमा मौलाएको यो राज्यसंयन्त्रले भनसुन, चलखेल र आफना मान्छेको मात्र भाषा बोल्छ र बुझ्छ पनि। यो नातावाद र अवसरवादमा टिकेको हुन्छ। (अब कृपावाद पनि बाकि रहेन)। बाहिरबाट हेर्दा कर्मचारीहरु कुनै न कुनै दलसँग आवद्ध छन् यो कुरा कर्मचारी छाता संगठनको चुनाबबाट पनि देखिन्छ तर भुक्तभोगीका अनुसार आफ्नो सर नपरी कुनै पनि कर्मचारीले नेताहरुका इच्छाअनुसार स्वतः काम गर्दैनन्।

यि कुराको समग्रतामा आकंलन गरेर यसको पुनर्गठनको दृढ अठोट भन्दा बाहिरबाट हाम्रो उन्नतिको ढोका खुल्दैन। किनकी विसगति र बिकृतिको मुख्य जग नै यही हो। यो एक हिसाबले आगन फोहोर रहेसम्म मझेरी सफा नहुने कुरा जस्तै कटु सत्य हो। यसलाई यसै अर्थमा लिएर हामी सबै फेरिने कुरा नगरे यो मुलुक फेरिँदैन।

एक आध्यात्मिक कविका शब्दमा

**फोहोर पानीद्वारा फोहोर,**
**कति गरे पनि हुन्न सफा**

(पौडेल र भट्टराई सरकारी सेवाबाट राजीनामा गरेका पूर्वकर्मचारी हुन्।)

सभार : अनलाइनखबर

## बिमालेख हरायो

**मेरो निम्न ब्यहोरा भएको नेपाल लाइफ इन्सोरेन्स कम्पनी लिमिटेडको बिमालेख मिति २०७७ बैशाख ५ गते घरदेखि लहान आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा स्वयं व्यक्तिलाई बुझाईदिनु अनुरोध गर्दछु।**

**नाम : प्रमिलादेवी साह**
**ठेगाना : सीतापुर–७**
**(हाल लक्ष्मीपुर पतारी गाउँपालिका–६, सिरहा)**
**बिमालेख नम्बर : ६२०००५२१५**
**मोबाइल नम्बर : ९८२७७१२२८७**

## कोरोना भाइरस रोग (कोभिड–१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं।
- बाँझो जग्गामा बोटविरुवा रोपौं।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं।

**दलित जनकल्याण युवा क्लब लहान–१४ द्वारा जनहितमा जारी**

## सूचना

**जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ।**

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ।
२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ।
३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ।
४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ।
५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ।
६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ।
७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ।
८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ।

**जिल्ला उद्योग वाणिज्य संघ**
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)

"Educate the world, govern the world"
Dynamic Institute & Coaching Centre
Lahan-3, Siraha (लहान थानादेखि १०० मिटर दक्षिण संकल्प स्कुल जाने बाटोमा)
लोक सेवा आयोग, शिक्षक सेवा आयोग, विभिन्न बैंकिङ्ग सेवाका साथै अन्य सबै सेवाका तयारी कक्षाहरु :-
लोक सेवा आयोग (शाखा अधिकृत, नायब सुब्बा, खरिदार, प्रा.स., महिला विकास, वि.नि.) राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, शिक्षक सेवा आयोग, अनुसन्धान प्रहरी, प्रहरी सेवा लगायत सम्पूर्ण सेवाहरुका तयारी कक्षाहरु गराईन्छ।
यस बाट २०७६ को लोक सेवा र शिक्षक सेवा आयोगबाट सफल भएका सम्पूर्ण उम्मेदवारहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछौ।
लोक सेवा तर्फ
१. अन्जनी चौधरी-नायव सुब्बा
२. अबिर चौधरी-नायव सुब्बा
३. सुजित पासवान-नायव सुब्बा
४. धर्मेन्द्र कुमार मण्डल-नायव सुब्बा
५. सीमा कुमारी यादव-खरिदार

शिक्षक सेवा तर्फ
१. राम बाबु यादव-मा.वि.
२. बसन्त कुमार साह-नि.मा.वि.
३. संजय कुमार दास-नि.मा.वि.
४. ममता कुमारी ठाकुर-प्रा.वि.
५. शोभानन्द चौधरी-प्रा.वि.
६. शुभलता चौधरी-प्रा.वि.
७. रविना कुमारी साह-प्रा.वि.
८. महेश कुमार चौधरी-प्रा.वि.
९. निलम चौधरी-प्रा.वि.
१०. दिपेन्द्र साह-प्रा.वि.
9807718656, 9811985685, 9804777304, 9807786897, 9815753575, 9817849901

**पत्रपत्रिका मागेर होइन, किनेर पढौँ।**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : लहानपोस्ट् दैनिक कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)